सहिद लखन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घैरुङ्ग, गोरखा
२०७३

# सहिद लखन गाउँपालिकाको दलित, सीमान्तकृत, अति सीमान्तकृत तथा मुस्लिम समुदायका विद्यार्थीका लागि उच्च शिक्षा तथा प्राविधिक शिक्षा छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०८२

सहिद लखन गाउँपालिका, गोरखा ।

सहिद लखन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैरुङ, गोरखा

# सहिद लखन गाउँपालिकाको दलित, सीमान्तकृत, अति सीमान्तकृत तथा मुस्लिम समुदायका विद्यार्थीका लागि उच्च शिक्षा तथा प्राविधिक शिक्षा छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०८२

कार्यपालिकाबाट स्वीकृत मितिः २०८२।०१।२२

आर्थिक अभाव तथा सामाजिक पछौटेपनका कारण उच्च शिक्षा तथा प्राविधिक र व्यावसायिक शिक्षाबाट वञ्चित हुने जोखिममा रहेका वा यस्तो शिक्षा प्राप्त गर्न नसकेका दलित, सीमान्तकृत, अति सीमान्तकृत तथा मुस्लिम समुदायका जेहेन्दार बालबालिका तथा युवाहरूको शैक्षिक अवसरलाई सरल र सहज बनाइ सामाजिक न्यायको प्रत्याभूति गराउँदै राज्यका सबै क्षेत्रमा प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति तयार गर्न सहयोग पुऱ्याउने उद्देश्यले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम गाउँ कार्यपालिकाको मिति २०८२।०१।२२ गतेको बैठकले यो "सहिद लखन गाउँपालिकाको दलित सीमान्तकृत, अति सीमान्तकृत तथा मुस्लिम समुदायका विद्यार्थीका लागि उच्च शिक्षा तथा प्राविधिक शिक्षा छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०८२" स्वीकृत गरी लागू गरेको छ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "सहिद लखन गाउँपालिकाको दलित, सीमान्तकृत, अति सीमान्तकृत तथा मुस्लिम समुदायका विद्यार्थीका लागि उच्च शिक्षा तथा प्राविधिक शिक्षा छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि सहिद लखन गाँउ कार्यपालिकाबाट स्वीकृत भएका मितिदेखि गाउँपालिकाको क्षेत्रभित्र लागू हुनेछ।

२. **परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

**क)** "अति सीमान्तकृत समुदाय" भन्नाले आदीवासी जनजाती राष्ट्रिय उत्थान प्रतिष्ठान ऐन, २०५८ बमोजिम सूचीकृत आदीवासी जनजाति समूह भित्रका अति सीमान्तकृत जातीय समूहलाई जनाउँछ।

**ख)** "उच्च शिक्षा" भन्नाले नेपाल भित्र अध्यापन हुने विद्यालय तहको शिक्षा पछिको मेडिकल शिक्षा, इन्जिनियरिङ शिक्षा, विज्ञान संकाय, व्यवस्थापन संकाय, मानविकि संकाय र शिक्षा संकाय अन्तर्गतका शिक्षाहरुलाई जनाउँछ।

**ग)** "प्राविधिक शिक्षा" भन्नाले नेपाल भित्र अध्यापन हुने विद्यालय तहको शिक्षा पछि प्राविधि शिक्षा तथा व्यवसायिक तालिम परिषद्वारा प्रदान गरिने १ वर्ष वा १ वर्ष भन्दा लामो अवधिको सीप विकाससँग सम्बन्धित शैक्षिक तालिमलाई बुझाउँछ।

**घ)** "कार्यपालिका" भन्नाले सहिद लखन गाँउ कार्यपालिकालाई सम्झनुपर्छ।

**ङ)** "गाउँपालिका" भन्नाले सहिद लखन गाउँपालिकालाई सम्झनुपर्छ।

**च)** "वडा कार्यालय" भन्नाले सहिद लखन गाँउपालिकाको सम्बन्धित वडा कार्यालयहरूलाई सम्झनुपर्छ।

**छ)** "समिति" भन्नाले यस कार्यविधिको दफा ३ बमोजिमको छात्रवृत्ति व्यवस्थापन समिति सम्झनुपर्छ।

**ज)** "दलित" भन्नाले पारम्परिक रूपमा अस्पृश्यता, छुवाछूत, र सामाजिक भेदभावको सिकार भएका व्यक्ति वा समुदायलाई जनाउँछ। यसले विशेष गरी ती समुदायहरूलाई समावेश गर्दछ जसलाई सामाजिक, आर्थिक, शैक्षिक, र राजनीतिक क्षेत्रमा पछाडि पारिएको छ।

**झ)** "सीमान्तकृत समुदाय" भन्नाले आदीवासी जनजाती राष्ट्रिय उत्थान प्रतिष्ठान ऐन, २०५८ बमोजिम सूचीकृत आदीवासी जनजाति समूह भित्रका सीमान्तकृत जातीय समूहलाई जनाउँछ।

**ञ)** "मुस्लिम समुदाय" भन्नाले इस्लाम धर्मालम्बी समुदायलाई बुझाउँछ।

**ट)** "शैक्षिक छात्रवृत्ति" भन्नाले दलित, सिमान्तकृत, अति सीमान्तकृत तथा मुस्लिम समुदायका आर्थिक रुपमा विपन्न वा सामाजिक पछौटेपनले प्राविधिक र व्यावसायिक उच्च शिक्षाबाट बञ्चित हुने जोखिममा रहेका वा प्राप्त गर्न नसकेका विद्यार्थीहरूलाई गाँउपालिकाबाट प्रदान गरिने शैक्षिक छात्रवृत्तिलाई सम्झनुपर्छ।

**ठ)** "लाभग्राही" भन्नाले यस कार्यविधि बमोजिम गाँउपालिकाबाट उपलब्ध गराइने छात्रवृत्ति प्राप्तिका लागि आवेदन गर्ने दलित, सीमान्तकृत, अति सीमान्तकृत तथा मुस्लिम विद्यार्थीलाई सम्झनुपर्छ।

**ढ)** "लक्षित समुह" भन्नाले दलित, सीमान्तकृत, अति सीमान्तकृत तथा मुस्लिम समुदायका विद्यार्थीहरूलाई सम्झनुपर्छ।

शहिद लखन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
थैरुङ्ग, गोरखा
२०७३

## परिच्छेद-२

## संरचनात्मक व्यवस्था

**३. शैक्षिक छात्रवृत्ति व्यवस्थापन समितिः** छात्रवृत्तिका लागि विद्यार्थी छनौट तथा छात्रवृत्ति वितरण सम्बन्धी कार्यप्रणालीलाई व्यवस्थित गरी छनौटमा परेका विद्यार्थीलाई छात्रवृत्ति वितरणमा समन्वय, सहजीकरण तथा प्राविधिक सहयोग गर्नका लागि गाउँ कार्यपालिकाको मातहतमा रहने गरी देहाय बमोजिमको एक शैक्षिक छात्रवृत्ति व्यवस्थापन समिति रहनेछ।

(क) गाउँपालिकाका अध्यक्ष - संयोजक

(ख) गाँउपालिकाका उपाध्यक्ष - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) सामाजिक विकास समिति संयोजक -सदस्य

(ङ) गाउँपालिका अध्यक्षले तोकेको शिक्षा समितिका सदस्य वा शिक्षाविद्हरू मध्येबाट कम्तीमा १ जना महिला सहित गरी ३ जना - सदस्य

(च) शिक्षा अधिकृत -सदस्य

(छ) सामाजिक विकास शाखा प्रमुख - सदस्य सचिव

**४. शैक्षिक छात्रवृत्ति व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** (१) यस कार्यविधिमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त छात्रवृत्ति व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) शैक्षिक छात्रवृत्तिलाई दीर्घकालीन तथा प्रभावकारी बनाउनका लागि अवलम्बन गर्नु पर्ने विषयमा गाउँ कार्यपालिकालाई नीति निर्माणमा सहयोग गर्ने,

(ख) गाउँपालिकाको निर्णय बमोजिम छात्रवृत्ति शीर्षकमा विनियोजित बजेट समेतको विश्लेषण गरी प्रत्येक वर्ष छात्रवृत्ति प्रदान गरिने संख्या र छात्रवृत्ति रकम यकिन गर्ने,

(ग) छात्रवृत्ति प्रदान गर्नका लागि समितिको बैठकको निर्णय मार्फत आवश्यक प्रकृया तय गरी सो प्रकृया अवलम्बन मार्फत योग्य लक्षित समुह छनौट गरी छात्रवृत्ति रकम तोक्ने,

(घ) वडा समिति, शिक्षा समिति, सम्बन्धित विद्यालय तथा शैक्षिक संस्थाहरूसँगको समन्वयमा छात्रवृत्ति वितरण गरिएका विद्यार्थीहरूको प्रगति अनुगमन गर्ने,

(ङ) छात्रवृत्ति बजेट व्यवस्थापनका लागि सिफारिस गर्ने।

(२) उपदफा (१) मा उल्लेखित काम, कर्तव्य र अधिकारका अलावा छात्रवृत्ति व्यवस्थापन समितिले यस कार्यविधिको कार्यान्वयनको लागि आवश्यक अन्य कार्य गर्नेछ ।

## परिच्छेद - ३

## छात्रवृत्तिको लागि विद्यार्थी छनौटका आधार तथा प्रक्रिया

**५. छनौटको लागि सूचना प्रकाशन गर्नेः** (१) यस कार्यविधि लागु भएको वर्ष सुरुमा कम्तीमा १५ (पन्ध्र) दिन र त्यसपछिका वर्षहरुमा ३० दिनको म्याद दिई यस कार्यविधि बमोजिम उपलब्ध गराइने छात्रवृत्तिका लागि इच्छुक, योग्य लाभग्राहीबाट समितिको निर्णय बमोजिम दरखास्त आव्हान गरी स्थानीय स्तरमै लाभग्राहीले थाहा पाउने सुनिश्चितता सहित अनुसूची-१ बमोजिमको सूचना प्रकाशित गर्नेछ।

(२) विशेष अवस्थामा समितिले निर्णय गरी दरखास्त बुझाउने म्याद थप गर्न सक्नेछ तर निर्णयमा म्याद थप गर्नुपर्ने कारण सहितको स्पष्ट निर्णय गरिनेछ।

(३) उपदफा (१) बमोजिमको सूचनामा देहायको विवरण समेत खुलाउनु पर्नेछः

(क) छात्रवृत्तिमा छनौट गर्ने प्राथमिकताका मुख्य आधारहरू,

(ख) दरखास्त फारमको ढाँचा अनुसूची-२ बमोजिम

(ग) दरखास्त साथ संलग्न गर्नुपर्ने कागजात तथा विवरणहरु अनुसूची-१ को सूचना बमोजिम पेश गर्नुपर्नेछ।

(घ) दरखास्त गाउँपालिका कार्यालयमा कार्यालय समयमा उपस्थित भई बुझाउनु पर्नेछ,

(ङ) समितिले आवश्यक ठहऱ्याएका अन्य विषयहरू।

सहिद लखन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घैरुङ, गोरखा

(४) उपदफा (३) बमोजिमको सूचना गाउँपालिकाको वेबसाइटबाट तथा अन्य गाँउपालिकासँग सम्बन्धित सूचनाको माध्यमहरूबाट समेत प्रकाशन गरिनेछ।

(५) कार्यपालिकाको सहमतिमा समितिले निर्णय गरी दफा ८(१) बमोजिमको प्राथमिकताक्रम मध्ये कुनै एक विषय तथा तहको लागि मात्र छात्रवृत्त प्रदान गर्ने गरी सूचना प्रकाशन गर्न सक्नेछ।

**६. छात्रवृत्तिको लागि आवेदन फारम भर्ने भराउने प्रक्रियाः** (१) गाउँपालिकाले सार्वजनिक सूचना मार्फत छात्रवृत्तिमा अध्ययन गर्न चाहने विद्यार्थीहरूबाट निवेदन माग गर्नेछ।

(२) विद्यार्थीले अनुसूची-२ बमोजिमको ढाँचामा तोकिएको मिति भित्र निवेदन दिनुपर्नेछ।

(३) तोकिएको मिति भित्र पेश भएका निवेनदका आधारमा गाँउपालिकाबाट विनियोजित बजेटको अधीनमा रही छात्रवृत्ति व्यवस्थापन समितिको सिफारिसमा गाउँ कार्यपालिकाले छात्रवृत्ति संख्या र रकम निर्धारण गरी छात्रवृत्ति रकम सम्बन्धित शैक्षिक संस्थालाई उपलब्ध गराउनेछ।

(४) प्राप्त निवेदनका आधारमा छात्रवृत्ति रकम यकिन गरी वितरण गरिनेछ। छात्रवृत्ति रकम वितरण गर्दा तोकिएको मिति भित्र प्राप्त निवेदनका आधारमा वितरण गरिनेछ। एक आर्थिक वर्षमा छात्रवृत्ति बापत विनियोजित बजेट रकम सकिए पश्चात् त्यो आर्थिक वर्षमा थप लाभग्राहीलाई छात्रवृत्ति रकम उपलब्ध गराइने छैन। यसरी छात्रवृत्ति पाउन छुट भएका लाभग्राहीले अर्को आर्थिक वर्षमा पुनः निवेदन दिन सक्नेछन्।

**७. दरखास्त दिनुपर्नेः** (१) यस कार्यविधि बमोजिम शैक्षिक छात्रवृत्ति प्राप्त गर्न चाहने विद्यार्थीले दफा (५) बमोजिमको सूचनामा तोकिएको अवधि भित्र गाउँ कार्यपालिकाको कार्यालयमा दरखास्त दिनुपर्नेछ।

(२) तोकिएको अवधिभित्र र प्रकृया पुरा नगरी दरखास्त पेश गर्ने लाभग्राहीले यस कार्यविधि बमोजिमको शैक्षिक छात्रवृत्ति सुविधा पाउने छैनन्।

**८. शैक्षिक छात्रवृत्तिका लागि योग्यताक्रमको सुची तयार गर्नेः** (१) अध्ययनको विषय अनुसार प्राथमिकताको आधार देहाय बमोजिम हुनेछ।

१ मेडिकल शिक्षाः एमबीबीएस
२ चार्टर एकाउन्टेट
३ पाइलट शिक्षा
४ इन्जिनियरिङ शिक्षा
५ एमबीबीएस बाहेकका अन्य मेडिकल शिक्षा
६ विज्ञान संकाय
७ व्यवस्थापन संकाय
८ मानविकि संकाय
९ शिक्षा संकाय
१० प्राविधिक शिक्षाको ३ वर्षे डिप्लोमा
११ अन्यः १ वर्ष वा १ वर्ष भन्दा बढि अवधिको प्राविधिक शिक्षा/तालिम

(२) विद्यार्थी छनौटको प्राथमिकताक्रम निर्धारण गर्दा उपदफा (१) मा उल्लिखित विषयको प्राथमिकताक्रमको अतिरिक्त सुरु वर्ष वा सेमेस्टरमा एक तह मुनिको र अध्ययन गरिरहेको भए अघिल्लो वर्ष वा सेमेष्टरको नतिजाको आधारमा घट्दो क्रममा गरिनेछ। तर यसमा बोर्ड परिक्षा बाहेक शैक्षिक संस्थाले आन्तरिक रुपमा सञ्चालन गरेको परिक्षाको नतिजा मान्य हुने छैन। यस दफा बमोजिम योग्यता निर्धारण गर्दा कम्तिमा कक्षा ९ देखि १० सम्म सामुदायिक विद्यालयमा अध्ययन गरेका विद्यार्थीलाई पहिलो प्राथमिकता प्रदान गरिनेछ तर सामुदायिक विद्यालयमा अध्ययन गरेका विद्यार्थी उपलब्ध नभएको खण्डमा संस्थागत विद्यालयमा अध्ययन गरेका विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न बाधा पर्ने छैन।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि तोकिएको विषय पढ्न योग्यता पुगेको कुनै निवेदक उपदफा (१) र (२) बमोजिमको योग्यताक्रममा नपरेको तर निज विपन्न, जेहेन्दार, अपांग, द्वन्द प्रभावित, सहिद तथा वेपत्ता परिवारको सदस्य भएकोले छात्रवृत्ति प्रदान गर्न मनासिव छ भन्ने लागेमा सम्बन्धित वडा कार्यालयको सिफारिस तथा गाउँ कार्यपालिकाको सर्वसम्मत निर्णयबाट निजलाई छात्रवृत्ति प्रदान गर्न सकिनेछ।

(४) उच्च शिक्षाको छात्रवृत्ति प्रदान गर्दा स्नातक तहलाई पहिलो प्राथमिकता र त्यसपछी स्नातकोत्तर तहलाई प्राथमिकता प्रदान गरिनेछ।

(५) उपदफा (१) बमोजिमको प्राथमिकता क्रममा रहेका विषयहरुमा कुनै द्विविधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले सम्बन्धित क्षेत्रको विज्ञसँग परामर्श लिन सक्नेछ र गाउँ कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

**९. छात्रवृत्ति रकम तथा संख्या निर्धारण गर्नेः** समितिले गाउँसभाबाट प्रत्येक वर्ष छात्रवृत्तिको लागि विनियोजित रकमलाई दफा ८(१) को प्राथमिकताक्रमको आधारमा प्रदान गरिने छात्रवृत्ति रकम निर्धारण गर्नेछ। यसरी रकम निर्धारण गर्दा प्राथमिकता क्रम संख्या १ देखि ४ सम्मलाई पहिलो प्राथमिकताको रकम, ५ र ६ लाई दोस्रो प्राथमिकताको रकम र ७ देखि ११ सम्मको क्रमसंख्यालाई तेस्रो प्राथमिकताको रकम हुने गरी निर्धारण गर्नेछ। विनयोजित रकमको आधारमा समितिले छात्रवृत्ति संख्याको निर्धारण गर्नेछ।

**१०.लाभग्राही छनौट गर्नेः** (१) समितिले दफा (८) बमोजिम तयार गरेको अन्तिम योग्यताक्रमको सूचीका आधारमा छनौटको सिफारिस विवरण सार्वजनिक गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम अन्तिम योग्यताक्रमको सूची छनौटको सिफारिस गर्दा समितिले कम्तीमा बीस प्रतिशतसम्म वैकल्पिक योग्यताक्रमको सूचीको विवरण समेत कार्यपालिकामा पेश गर्नुपर्नेछ।

(३) कार्यपालिकाले उपदफा (२) बमोजिमको छात्रवृत्ति छनौट र वैकल्पिक योग्यताक्रमको सूची सार्वजनिक गर्नेछ र सोको जानकारी सम्बन्धित विद्यालय वा शैक्षिक संस्थालाई दिनुपर्नेछ।

(४) कार्यपालिकाले नतिजा प्रकाशन गर्दा दरखास्त दिने सम्पूर्ण लक्षित वर्गहरुको योग्यताक्रम सूची गाउँपालिकाको वेबसाइटबाट समेत प्रकाशन गर्नेछ।

(५) योग्यताक्रमको सुची तयार गर्दा कम्तीमा ५० प्रतिशत बालिका वा महिलालाई प्राथमिकता दिनुपर्नेछ। तर महिला निवेदकको संख्या तोकिएको कोटा भन्दा कम भएमा बाँकी रहेको कोटा पुरुष विद्यार्थीको लागि योग्यताक्रमको आधारमा वितरण गरिनेछ।

**११. कबुलियतनामा गर्नुपर्नेः** (१) दफा १० बमोजिम छात्रवृत्तिको लागि छनौट भएका लाभग्राही र सम्बन्धित परिवारको मुख्य अभिभावकले छनौटको अन्तिम सूची प्रकाशन भएको मितिले सात दिनभित्र अनुसूची - ३ को ढाँचामा तीन प्रति कबुलियतनामा गर्नुपर्नेछ। यस्तो कबुलियतनामामा अध्ययन गर्ने वा गरिरहेको तह पूरा गर्नुपर्नेछ भनी उल्लेख गरिनेछ। कबुलियतनामाको अन्य विवरण समितिले थप गर्न सक्नेछ। तर शैक्षिक छात्रवृत्तिकै कारण विद्यार्थीलाई थप बोझ हुने गरी भने कुनै पनि व्यवस्था गरिनेछैन।

(२) उपदफा (१) बमोजिमको कबुलियतनामामा अन्य कुराको अतिरिक्त छात्रवृत्ति प्राप्त गरी अध्ययन पूरा नगरेमा, अन्य संस्था वा निकायबाट सोही अध्ययनका लागि छात्रवृत्ति प्राप्त गरेकोमा, दोहोरो पर्ने गरी छात्रवृत्ति स्वीकार गरेको भएमा छात्रवृत्तिको रुपमा प्राप्त गरेको रकम तथा त्यसमा कार्यपालिकाले निर्धारण गरे बमोजिमको व्याज वा जरिवाना रकम समेत सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(३) उपदफा (१) बमोजिम गरिएको कबुलियतनामाको एक एक प्रति समिति तथा कार्यपालिका, सम्बन्धित शैक्षिक संस्था र लाभग्राही एवम् अभिभावक समेतले राख्नेछ।

**१२. वैकल्पिक योग्यताक्रमको सूचीमा परेको उमेद्वारलाई छात्रवृत्ति प्रदान गर्न सकिनेः** (१) छात्रवृत्तिको लागि छनौट भएको लाभग्राहीले त्यस्तो छात्रवृत्ति लिन नचाहेमा वा दफा ११ बमोजिम कबुलियतनामा गर्न नआएमा वा त्यस्तो लाभग्राहीले दफा १४ को अवस्था भई छात्रवृत्ति प्राप्त गर्न नसक्ने भएमा वैकल्पिक योग्यताक्रमको सूचीमा नाम समावेश भएका उम्मेदवारलाई योग्यताक्रम अनुसार सोही शैक्षिक सत्र/वर्ष भित्र समावेश गरी छात्रवृत्ति प्रदान गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्ति पाउन योग्य वैकल्पिक लाभग्राही उम्मेदवारले छात्रवृत्ति प्रदान गरिने सम्बन्धी सूचना प्रकाशन भएको मितिले सात दिन भित्रमा दफा ११ बमोजिमको कबुलियतनामा गरी सक्नुपर्नेछ।

(३) गाँउ कार्यपालिकाले शैक्षिक छात्रवृत्ति बढाउन सकिने गरी निर्णय गरी थप बजेटको व्यवस्था गरिएकोमा शैक्षिक छात्रवृत्ति व्यवस्थापन समितिले वैकल्पिक योग्यताक्रममा रहेका विद्यार्थीहरूका लागि समेत छात्रवृत्ति उपलब्ध गराउन सक्नेछ।

**१३. शैक्षिक छात्रवृत्ति पाउन योग्य नहुनेः** (१) देहायको अवस्थामा कुनै पनि विद्यार्थी छात्रवृत्ति पाउन योग्य हुने छैनः-

(क) संघ, प्रदेश सरकारबाट वा अन्य कुनै पनि सरकारी तथा गैरसरकारी निकायबाट छात्रवृत्ति प्राप्त गरिरहेको भएमा,

(ख) कुनै शिक्षण संस्थाबाट शैक्षिक छात्रवृत्ति प्राप्त गरिरहेको भएमा,

(ग) सामाजिक संघ संस्था वा अन्य कुनै निकाय वा सरोकारवालाबाट शैक्षिक छात्रवृत्ति प्राप्त गरिरहेको भएमा,

(घ) कुनै पनि शैक्षिक छात्रवृत्तिका लागि सिफारिस भई पाउने पक्का भइसकेको भएमा,

(ङ) कुनै पनि फौजदारी कसुरमा दोषी प्रमाणित भएमा,

**१४. शैक्षिक छात्रवृत्ति रद्द गरिनेः** (१) देहाय बमोजिमको अवस्थामा समितिको सिफारिसमा कार्यपालिकाले यस कार्यविधि बमोजिम प्रदान गरिएको छात्रवृत्ति रद्द गर्न सक्नेछः

(क) निवेदनका साथ झुट्टा विवरणहरु पेश गरेको प्रमाणित भएमा,

(ख) छात्रवृत्ति प्राप्त गरेको कक्षाको अध्ययन पूरा नगरेमा वा अध्ययन बिचैमा छाडेमा,

(ग) अध्ययन अवधिमा फौजदारी कसुरमा दोषी प्रमाणित भएमा,

(घ) विद्यार्थीको हैसियतले पालना गर्नुपर्ने आचरण सम्बन्धी कुरा बारम्बार पालना नगरेको भनी सम्बन्धित शैक्षिक संस्थाले दफा ३ बमोजिमको समितिलाई लिखित जानकारी गराएमा समितिको निर्णय बमोजिम।

## परिच्छेद – ४
## पारदर्शिता र जवाफदेहिता

**१५.छात्रवृत्ति वापतको रकम सम्बन्धी व्यवस्थाः** (१) गाउँपालिकाले प्रत्येक वर्ष दलित, सीमान्तकृत, अति सीमान्तकृत तथा मुस्लिम समुदायका आर्थिक अभाव वा सामाजिक पछौटेपनका कारणहरूले आफ्ना बालबालिकालाई प्राविधिक र उच्च शिक्षा प्रदान गर्न नसक्ने परिवारका सदस्यहरूलाई मात्र यस कार्यविधिको अधीनमा रही उनीहरू अध्ययनरत वा सम्बन्धित शिक्षाका लागि नजिकको उपयुक्त वा गाउँपालिकाले तोकेको कलेज वा शैक्षिक संस्थामा मात्र अध्ययन गर्न छात्रवृत्ति रकम उपलब्ध गराउने सक्नेछ।

(२) छात्रवृत्ति रकम उपलब्ध गराउँदा सम्बन्धित विद्यार्थी र शैक्षिक संस्थाले पेश गरेको कागजातका आधारमा छात्रवृत्ति व्यवस्थापन समितिको सिफारिसमा गाउँ कार्यपालिकाको निर्णय अनुसार सम्बन्धित शैक्षिक संस्थालाई उपलब्ध गराउनेछ।

(३) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुले गाउँ कार्यपालिकाले तोके बमोजिम निश्चित अवधि सम्मको लागि गाउँपालिकाभित्र सेवा गर्नुपर्नेछ। सेवा गरेको अवधिमा गाउँपालिकाले निर्वाह सुविधा उपलब्ध गराउन सक्नेछ।

**१६. अभिलेख राखिनेः** (१) समितिले छात्रवृत्ति उपलब्ध गराइएका लाभग्राहीहरुको विवरण अद्यावधिक गरी राख्नुपर्नेछ। यस्तो अद्यावधिक विवरण कार्यपालिका, सम्बन्धित वडा कार्यालय, शिक्षा शाखा र सम्बन्धित शैक्षिक संस्थाहरुलाई उपलब्ध गराउनुपर्नेछ। सो अद्यावधिक विवरण उपयुक्त माध्यम मार्फत सार्वजनिक समेत गर्नुपर्नेछ।

## परिच्छेद - ५
## विविध

**१७. छात्रवृत्तिको रकम भुक्तानीः** दफा १० बमोजिम छात्रवृत्तिको लागि छनौट भई दफा ११ बमोजिम कबुलियतनामा गरेपछि छात्रवृत्तिको रुपमा प्रदान गरिने रकम गाँउपालिकाबाट सम्बन्धित छात्रवृत्ति शीर्षकमा विनियोजित बजेट शीर्षकबाट गाउँपालिकाले सम्बन्धित शैक्षिक संस्थालाई पटक पटक वा एकमुष्ठ रुपमा रकम भुक्तानी गर्नेछ। पटक पटक वा एकमुष्ठ रुपमा रकम भुक्तानी गर्ने भन्ने सम्बन्धमा समितिको निर्णय अनुसार हुनेछ।

**१८. कलेज वा शैक्षिक संस्था परिवर्तन गर्न नपाउनेः** छात्रवृत्तिमा छनौट भई अध्ययन गरिरहेको विद्यार्थीले कम्तीमा एक शैक्षिकसत्र भित्र अध्ययन गरिरहेका कलेज वा शैक्षिक संस्था परिवर्तन गर्न पाउने छैन।

सहिद लखन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय थैलु, गोरखा

**१९. जानकारी गराउनु पर्नेः** यस कार्यविधि बमोजिम छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले छात्रवृत्ति प्राप्त गरेको शैक्षिक सत्रको सबै परीक्षाहरूमा भाग लिएको वा नलिएको विषयमा सम्बन्धित कलेज वा शैक्षिक संस्थाले गाँउ कार्यपालिका, शिक्षा समिति, शिक्षा शाखालाई लिखित जानकारी गराउनु पर्नेछ।

**२०. पुनःछात्रवृत्तिमा छनौट गर्न नसकिनेः** छात्रवृत्तिमा छनौट भएको कुनै लाभग्राहीले छात्रवृत्ति प्राप्त गरेको कक्षामा अध्ययन नगरेको अवस्थामा वा अध्ययन पूरा नगरी छाडेमा वा यस कार्यविधिमा तोकिए बमोजिमको अन्य शर्तहरु पूरा नगरेमा गाँउपालिकाबाट प्रदान गरिने छात्रवृत्ति सुविधामा पुनः सोही व्यक्तिलाई छनौट गरिने छैन। तर काबू बाहिरको कारण वा गम्भिर बिरामी भएका कारण प्राणघातक रोग लागेर अध्ययन छाडेको भन्ने प्रमाण सहित पेश गरेमा पुनः छात्रवृत्ति पाउने वा नपाउने विषय समितिको निर्णय बमोजिम हुनेछ।

**२१. प्रतिवेदन पेश गर्नेः** प्रत्येक वर्ष प्रदान गरिएका छात्रवृत्तिको विवरण, छात्रवृत्ति प्राप्त गरी अध्ययन गर्ने लाभग्राहीहरुको अवस्था, रकमको अवस्था, छात्रवृत्तिको प्रभावकारिता तथा यसको उपलब्धि मूल्यांकन, छात्रवृत्ति कार्यान्वयनमा रहेका समस्याहरू र समाधानका उपायहरू सहितको प्रतिवेदन समितिले कार्यपालिकामा पेश गर्नु पर्नेछ। कार्यपालिकाले यसरी पेश हुन आएको प्रतिवेदन गाउँसभामा समेत पेश गरी सार्वजनिक गर्नु पर्नेछ।

**२२. उजुरी सुनुवाइ समितिः** (१) लाभग्राही छनौट सम्बन्धी निर्णयमा चित्त नबुझ्ने उम्मेद्वार वा निजका परिवारले निर्णय सार्वजनिक भएको मितिले सात दिन भित्र ठोस आधार र प्रमाण सहित सुनुवाइ समितिमा उजुरी निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) को प्रयोजनका लागि गाँउपालिकामा देहायको उजुरी सुनुवाइ समिति रहनेछः

| | |
|---|---|
| क) गाँउपालिकाको अध्यक्ष | - अध्यक्ष |
| ख) गाउँपालिकाको उपाध्यक्ष | - सदस्य |
| ग) गाउँ कार्यपालिका अन्तर्गतको विषयगत समितिका संयोजकहरु | - सदस्य |
| घ) गाउँ शिक्षा समितिका सदस्यहरु मध्येबाट अध्यक्षले तोकेको १ जना | - सदस्य |
| ङ) शिक्षा शाखा प्रमुख वा शिक्षा शाखा अधिकृत | - सदस्य सचिव |

(३) उपदफा (१) बमोजिम परेको उजुरीको सम्बन्धमा उजुरी दिने म्याद समाप्त भएको मितिले सात दिन भित्रमा उपदफा (२) बमोजिमको समितिले निर्णय दिनुपर्नेछ र सो निर्णयमा चित्त नबुझेमा सम्बन्धित प्रचलित कानुन बमोजिम माथिल्लो निकायमा जान सक्नेछन्।

**२३. बाधा अड्काउ फुकाउन सक्नेः** यस कार्यविधिमा लेखिएको कुनै व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धमा कुनै द्विविधा उत्पन्न भएमा यसको निर्णय गरी बाधा अड्चन फुकाउने अधिकार गाउँ कार्यपालिकामा निहित रहेको छ।

**२. खारेजी तथा बचाउः** यस कार्यविधिका कुनै प्रावधान संघीय तथा प्रदेश कानूनसँग बाझिएको खण्डमा बाझिएको हदसम्म अमान्य हुनेछ।

सहिद लखन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घैरुङ, गोरखा
२०७३

अनुसूची - १

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

**सूचनाको ढाँचा**

सहिद लखन गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

घैरुङ, गोरखा

दलित, सीमान्तकृत, अति सीमान्तकृत तथा मुस्लिम समुदायका विद्यार्थी छात्रवृत्तिको लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना

प्रकाशित मितिः................................................

चालु आर्थिक वर्ष ............................... को दलित, सीमान्तकृत, अति सीमान्तकृत तथा मुस्लिम समुदायका विद्यार्थी छात्रवृत्ति कार्यक्रम कार्यान्वयन सम्बन्धमा सहिद लखन गाउँपालिकाको दलित, सीमान्तकृत, अति सीमान्तकृत तथा मुस्लिम समुदायका विद्यार्थी छात्रवृत्ति कार्यविधि, २०८२ बमोजिम आर्थिक वर्ष..........................मा उच्च शिक्षा वा प्राविधिक शिक्षा आर्जन गरिरहेका यस सहिद लखन गाउँपालिका स्थायी ठेगाना भएका सम्बन्धित समुदायका विद्यार्थीले यो सूचना प्रकाशन भएको मितिले १५ दिन/३० दिनभित्र यस कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। निवेदनको ढाँचा, निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु, मूल्याङ्कनका आधारहरु लगायतका थप जानकारी यस कार्यलयको वेभसाइटमा रहेको सहिद लखन गाउँपालिकाको दलित, सीमान्तकृत, अति सीमान्तकृत तथा मुस्लिम समुदायका विद्यार्थी छात्रवृत्ति कार्यविधि, २०८२ बाट प्राप्त गर्न सकिनेछ। कार्यविधि बमोजिमका कागजात पूरा नभएका तथा म्यादभित्र पेश नभएका निवेदनहरु माथि कुनै कारबाही गरिनेछैन।

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरुः

१ नेपाली नागरिकताको प्रतिलिपि

२ दलित, सीमान्तकृत, अति सीमान्तकृत तथा मुस्लिम समुदायका हो भन्ने प्रमाण खुल्ने कागजात

३ अध्ययन गरिरहेको तह भन्दा १ तह मुनीको लब्धाङ्कपत्रको प्रतिलिपि वा अघिल्लो वर्ष वा सेमेष्टरको लब्धाङ्कपत्रको प्रतिलिपि

४ अध्ययन गरेको विद्यालय सामुदायिक वा सार्वजनिक विद्यालय भएमा सो खुल्ने सम्बन्धित विद्यालयको सिफारिस पत्र

५ सम्बन्धित वर्ष वा समेस्टरमा अध्ययन गरिरहेको र अन्यत्रबाट कुनै पनि छात्रवृत्ति प्राप्त नगरेको भन्ने बेहोराको सम्बन्धित शैक्षिक संस्थाको पत्र

६ सम्बन्धित वडाको सिफारिस पत्र

७ हालसालै खिचेको पासपोर्ट साइजको फोटो ४ प्रति

८ अभिभावकको नागरिकताको प्रतिलिपि

................................ ............................

प्रमुख प्रशासकीय अधिकृत अध्यक्ष

( नोटः सूचनाको प्रावधान आवश्यकता बमोजिम परिमार्जन/थपघट गर्न सकिनेछ।

शहिद लखन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घैरुङ, गोरखा
२०७३

अनुसूची - २

(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

**सहिद लखन गाउँपालिका**

**दलित, सीमान्तकृत, अति सीमान्तकृत तथा मुस्लिम समुदायका विद्यार्थीका लागि शैक्षिक छात्रवृत्ति आवेदन फाराम**

*आवेदन दिएको मितिः.................................*

*श्री अध्यक्षज्यू,*
*शहिद लखन गाउँपालिका*
*गाउँ कार्यपालिकाको कार्यालय*
*घैरुङ, गोरखा।*

*विषयः छात्रवृत्तिको लागि आवेदन सम्बन्धमा।*

*प्रस्तुत विषयमा मिति ......................... मा यस गाउँपालिकाद्वारा प्रकाशित दलित, सीमान्तकृत, अति सीमान्तकृत तथा मुस्लिम समुदायका विद्यार्थी छात्रवृत्तिको लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना बमोजिम उक्त छात्रवृत्तिको प्राप्त गर्नको लागि तपशीलको विवरण सहित यो निवेदन पेश गरेको छु।*

***संलग्न कागजातको विवरणः***

१ .................................
२ .................................
३ ..............................
४ ..............................
५ ...............................
६ .................................
७ .............................
८ ..............................
९ ....................................
१० ..................................

***तपशील***

(सबै विवरणहरु अनिवार्य भर्नुपर्नेछ)

**१. विद्यार्थीको विवरणः**

हालसालै खिचेको निवेदकको पासपोर्ट साइजको फोटो

नाम (देवनागरीमा): ...........................................................................

नाम (अंग्रेजीमा): .............................................................................

लिङ्गः □ पुरुष □ महिला □ अन्य जन्म मिति : ..........................................

स्थायी ठेगानाः .....................................................

राष्ट्रिय परिचयपत्र नं.:.............................. नागरिकता प्रमाणपत्र नं.: ..............................

नागरिकता जारि जिल्ला र मितिः .........................................................................

सम्पर्क नं.: ...................................... इमेलः ..................................................

**२. अभिभावकको विवरणः**

बाबुको नामः .................................................. शैक्षिक योग्यताः ................ नागरिकता नः...............

आमाको नामः.................................................... शैक्षिक योग्यताः ........... नागरिकता नः ..............

अभिभावकको सम्पर्क नं.:........................................ पेशा...................................................

बाबु आमाको कुल मासिक आम्दानी (रु. मा): ..........................................

बाबु आमाको कुल वार्षिक आम्दानी (रु. मा): ...............................................

**३. शैक्षिक विवरण:**

अध्ययनरत तह र विषय: .......................................................

अध्ययनरत शैक्षिक संस्थाको नाम:...............................................................

अध्यनरत शैक्षिक संस्थाको ठेगाना: .....................................................

अध्ययनरत शैक्षिक संस्थाको प्रमुखको नाम तथा सम्पर्क न: ...............................................

अध्ययनरत विषयको कुल समयावधी: ...............................

अध्ययनरत तहमा शैक्षिक संस्थालाई मासिक रुपमा बुझाउनुपर्ने शुल्क रु:........................

अध्यनरत तह/विषय पूरा गर्न शैक्षिक संस्थालाई बुझाउनुपर्ने जम्मा शुल्क रु: ....................

अध्ययनरत तह/विषयमा प्राप्त गरेको छुट प्रतिशत र रकम:...............................

हालसालै उत्तीर्ण गरेको तह: ................................. प्राप्त गरेको प्रतिशत/ग्रेड: .................

माध्यमिक शिक्षा अध्ययन गरेको विद्यालयको नाम:....................................................

माध्यमिक तह अध्ययन गरेको विद्यालय निजि वा सामुदायिक खुलाउने:.............................

एसएलसी वा एसइइ मा प्राप्ताङ्क प्रतिशत वा जिपिए:................................................

**४. छात्रवृत्तिको प्रकार:**

□ उच्च शिक्षा:

□ प्राविधिक शिक्षा (विषय उल्लेख गर्नुहोस्): ...............................

**५. आर्थिक अवस्था:**

परिवारको वार्षिक आम्दानी (रु. मा): ............................................

परिवारमा अन्य छात्रवृत्ति प्राप्त गर्ने सदस्यहरूको संख्या: ...........................

अन्य आय स्रोत (यदि छ भने): ..........................................

परिवारको नाममा रहेको अचल सम्पत्तिको विवरण (घर तथा जगगाको विवरण) ...............................

...............................................................................................

**६. आवेदकको घोषणा:**

यो आवेदन फाराममा उल्लेख गरेका सबै विवरणहरू सत्य र सही छन् भनी घोषणा गर्दछु। पेश गरेको विवरण झुट ठहरिएमा कानून बमोजिम सहुँला बुझाउँला।

| | |
|---|---|
| | |
| दाँया | बाँया |

हस्ताक्षर: ..........................................

मिति: ..................................................

**अभिभावकको घोषणा:**

यो आवेदन फाराममा उल्लेख गरेका सबै विवरणहरू मेरो रोहबरमा गरेका हुन् र सबै विवरण सत्य र सही छन् भनी घोषणा गर्दछु। झुट्टा ठहरेमा कानून बमोजिम सहुँला बुझाउँला।

शहिद लखन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धैरुङ्ग, गोरखा
२०७३

| | |
|---|---|
| | |
| दाँया | बाँया |

नामः.................................................

नाताः.............................................

हस्ताक्षरः...........................................

मितिः .................................................

शहिद लखन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घैरुङ्ग, गोरखा
२०७३

अनुसूची – ३

(दफा ११ को उपदफा (१) सँग सम्बन्धित)

**सहिद लखन गाउँपालिका**

**दलित, सीमान्तकृत, अति सीमान्तकृत तथा मुस्लिम समुदायका विद्यार्थीका लागि शैक्षिक छात्रवृत्ति कबुलियतनामा**

**१. विद्यार्थीको विवरणः**

- नामः .......................................................................
- छात्रवृत्ति प्राप्त गरेको तह र विषयः ................................................
- शैक्षिक संस्थाको नामः ..........................................................

**२. कबुलियतनामाः**

मैले सहिद लखन गाउँपालिकाबाट प्राप्त गरेको छात्रवृत्तिको रकमलाई मेरो शिक्षाको लागि मात्र प्रयोग गर्नेछु। यदि मैले छात्रवृत्ति प्राप्त गरेको कक्षामा अध्ययन पूरा नगरे वा अध्ययन बिचैमा छाडे भने, मैले प्राप्त गरेको छात्रवृत्तिको रकम तथा त्यसमा कार्यपालिकाले निर्धारण गरे बमोजिमको व्याज रकम समेत सरकारी बाँकी सरह बुझाउने छु। मेरो अध्ययन पूरा गरिसकेपछि गाउँपालिकाले तोकेबमोजिम निश्चित समयको लागि गाउँपालिकालाई स्वयम् सेवा गर्न मञ्जुर भई यो सहिछाप गर्दछु।

सही छाप गर्ने विद्यार्थीको नामः ..................................................

हस्ताक्षरः ..................................................

| | |
|---|---|
| | |
| दाँया | बाँया |

छात्रवृत्तिको लागि गरेको सम्झौताको शर्तहरुको पूर्ण पालना गर्नेछु। सम्झौता पालना नगरेमा कानून बमोजिम सहुँला बुझाउँला भनी यो सहीछाप गरिदिंए।

सही छाप गर्ने अभिभावकको नामः ....................................................

हस्ताक्षरः ....................................................

| | |
|---|---|
| | |
| दाँया | बाँया |

रोहबरः

गाउँपालिका अध्यक्षः

सहिद लखन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
थैरुङ्ग, गोरखा
२०७३

अनुसूची - ४

सम्झौताको नमुना

***सहिद लखन गाउँपालिकाको दलित, सीमान्तकृत, अति सीमान्तकृत तथा मुस्लिम समुदायका विद्यार्थिका लागि उच्च शिक्षा छात्रवृत्ति कार्यविधि, २०८२ बमोजिम सहिद लखन गाउँपालिका, छात्रवृत्तिको लागि छनौट भएका विद्यार्थी र सम्बन्धित शैक्षिक संस्थाबीच भएको त्रिपक्षीय सम्झौता पत्र***

सहिद लखन गाउँपालिका, यो छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी .............................. र शैक्षिक संस्था ....................................... बीच विद्यार्थीलाई ................................ शिक्षा अध्ययनका लागि छात्रवृत्ति उपलब्ध गराउने र कार्यान्वयन गर्ने सम्बन्धमा तपशिलको शर्तहरुको अधिनमा रही तीनै पक्षलाई मान्य र लागू हुने गरी सहिद लखन गाउँपालिकाको कार्यालयमा बसी यो सम्झौता पत्रमा हस्ताक्षर गरी एक/एक प्रति बुझि लियौं/दियौं।

<u>गाउँपालिकाले पालना गर्नुपर्ने शर्तहरुः</u>

१. विद्यार्थीको शिक्षा हाँसिल गर्नेका लागि छात्रवृत्ति वापतको रकम रु. ............................ शैक्षिक संस्थाको नाममा भुक्तानी दिनुपर्नेछ।
२. रकम भुक्तानी गर्दा गाउँपालिकाले पटक पटक वा एकमुष्ट रुपमा भुक्तानी दिनेछ।

<u>विद्यार्थीले पालना गर्नुपर्ने शर्तहरुः</u>

१. छात्रवृत्ति प्राप्त गरेको तहमा अध्ययन पूरा नगरे वा अध्ययन बिचैमा छाडेमा प्राप्त गरेको छात्रवृत्तिको रकम तथा त्यसमा कार्यपालिकाले निर्धारण गरे बमोजिमको व्याज रकम समेत सरकारी बाँकी सरह गाउँपालिकालाई बुझाउनुपर्नेछ।
२. चालु शैक्षिक सत्र/वर्षभित्र हाल अध्ययन गरिरहेको विद्यालय/कलेज परिवर्तन गर्नेछैन।
३. गाउँपालिकाले तोके बमोजिम निश्चित अवधी सम्मको लागि गाउँपालिकाभित्र सेवा गर्नुपर्नेछ।

<u>विद्यालय/कलेजले पालना गर्नुपर्ने शर्तहरुः</u>

१. छात्रबृत्तिको रकम सम्बन्धित विद्यार्थीको शैक्षिक प्रयोजनको लागि मात्र प्रयोग गर्नुपर्नेछ।
२. विद्यार्थीको शैक्षिक अवस्था बारेमा गाउँपालिकालाई त्रैमासिक रुपमा प्रतिवेदन उपलब्ध गराउनु पर्नेछ।
३. विद्यार्थीले शैक्षिक सत्रको सबै परीक्षाहरुमा भाग लिएको वा नलिएको विषयमा गाउँपालिकालाई जानकारी गराउनुपर्नेछ।

| ........................... | .................................. | .............................. |
|---|---|---|
| विद्यार्थीको तर्फबाटः | शैक्षिक संस्थाको तर्फबाट | गाउँपालिकाको तर्फबाटः |
| नामः | नामः | नामः |
| ठेगानाः | पदः | पदः |
| मितिः | मितिः | मितिः |

साक्षीः

अभिभावक

(नोटः सम्झौताका शर्त तथा विषयवस्तुहरु आवश्यकताका आधारमा परिमार्जन वा थपघट गर्न सकिनेछ।)